नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

मिति :२०७९।०८।२९

**श्रीमान सचिवज्यू**
**गृह मन्त्रालय**
**सिंहदरवार काठमाण्डौ**

**विषय :– कार्य संपादन प्रगति प्रतिवेदन ।**

प्रस्तुत विषयमा श्रीमान र यस कार्यालयका प्रमूख जिल्ला अधिकारी विच भएको कार्यसंपादन संझौता अन्तर्गतका विभिन्न नतिजा क्षेत्र भित्रका कृयाकलापहरुका संवन्धमा तपसिल वमोजिमको नतिजा क्षेत्रसंग संवन्धित कृयाकलाप कार्यान्वयनको प्रगति प्रतिवेदन पेश गरेका व्यहोरा सादर अनुरोध छ ।

**नतिजा क्षेत्र : विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ।**

**कृयाकलाप ( ४ ग ) : "शित लहर प्रतिकार्य योजना-२०७९" स्विकृत एवं कार्यन्वयन ।**

प्रस्तुत विषयमा प्रमूख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलको अध्यक्षतामा मिति २०७९।०८।२८ गतेका दिन जिल्ला विपद व्यवस्थापन समिति को वैठक संचालन भइ **शितलहर प्रतिकार्य योजना २०७९** पारित गरिएको व्यहोरा प्रतिवेदन गर्दछु ।

कार्ययोजनाको दस्तावेज यसै साथ संलग्न रहेको छ ।

प्रमुख जिल्ला अधिकारी

# शीतलहर आपतकालिन कार्य योजना, २०७९

## नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)



## जिल्ला विपद् व्यवस्थापन समिति

## नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

# शीतलहर आपतकालिन कार्य योजना, २०७९

## नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)



## जिल्ला विपद् व्यवस्थापन समिति

### नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

# भाग-एक

# परिचय

## १.१. पृष्ठभूमि


नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला लुम्बिनी प्रदेशको बाह्र जिल्ला मध्ये एक जिल्ला हो । यसको क्षेत्रफल ७३८ वर्ग कि.मी. रहेको छ । ३ नगरपालिका र ४ गाउँपालिका गरी ७ वटा स्थानिय तहहरु रहेको वि.सं २०७८ को जनगणना अनुसार जनसंख्या ३,८५,५१५ रहेको छ । यो जिल्ला पूर्वतर्फ नवलपरासी (वर्दघाट सुस्ता पूर्व), पश्चिम तर्फ रुपन्देही, उत्तर तर्फ पाल्पा जिल्ला एवं दक्षिण तर्फ भारतसँग जोडिएको छ । यस जिल्लाका विभिन्न समयमा बाढी, शीतलहर, आगलागी जस्ता प्रमुख समस्याहरु छन् । पूर्व पश्चिम लोकमार्ग अन्य मार्गहरुमा शीतलहरको कारणले सवारी दुर्घटना हुने गरेको छ । शीतलहर बाहेक जिल्लामा हुरीबतास, महामारी, सर्पदंस र चटचाङ् जस्ता घटनाहरुले पनि जनधनको क्षति हुने गरेको छ ।

बिगत केहि बर्षदेखि यस जिल्लामा पनि हिउद मौसममा अत्याधिक चिसो हुने र एक महिना भन्दा बढि समय सम्म शीतलहर हुनेगरेकोछ । बाक्लो धुँवा र धुलोका मसिना कणहरु र अन्य मौसमी प्रतिकुलताले गर्दा शीतलहरको प्रभाव ब्यापकहुने गर्दछ । जाडो मौसम शुरु भईसकेको र चिसो तथा शीतलहरबाट विपन्न समुदाय, जेष्ठ नागरिक,सुत्केरी र गर्भवती महिला र बालबालिका बढि प्रभावित हुने गरेकाछन् । शीतलहरबाट सृजित समस्याहरु जस्तै श्वासप्रश्वास, झाडापखला आगलागीका घटनाहरु प्रत्येक बर्ष देखा परेकाछन् । शीतलहरबाट कृषि उत्पादन घट्ने र पशु धनको समेत क्षति हुन सक्दछ, जसको कारणले बिपन्न परिवारको नियमित आम्दानिको श्रोतपनि अवरुद्ध हनसक्दछ । शीतलहरको समयमा अत्याधिक चिसो तथा न्यून तापक्रमको कारणले हाइपोथर्मीया भई केहि मानिसको ज्यान पनि जान सक्दछ । यस बर्ष पनि चिसो मौसममको उच्च जोखिममा हाम्रो जिल्ला रहेको छ । अतः हामी सबै सरोकारवालाहरुको संयुक्त प्रयासबाट चिसो तथा शीतलहर को जोखिमलाई न्यूनीकरण गर्न आवश्यक छ ।

यसै सन्दर्भमा सम्भावित शीतलहरको जोखिम व्यवस्थापन तथा पूर्वतयारीका गतिविधिहरुलाई योजनाबद्ध ढंगले अघिबढाउन अपरिहार्य भएको हुँदा जिल्ला विपद् व्यवस्थापन समिति, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) निर्णय बमोजिमजिल्लाको **शीतलहर आपतकालिन कार्य योजना-२०७९** तयार पारिएको छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)




## १.२. शीतलहर आपतकालिन योजनाको उद्देश्य:

यस शीतलहर आकस्मिक कार्ययोजनाका उद्धेश्यहरु निम्नानुसारका रहेका छन्

क) जिल्ला स्थित स्रोत र साधनको अधिकतम उपयोग गरि जिल्ला विपद् व्यवस्थापनबाट गरिने शीतलहर प्रतिकार्य योजना प्रभावकारी बनाउनु;

ख) शीतलहरको समयमा प्रतिकार्यकोलागि तयार पारिएका संरचनालाई प्रभावकारी बनाउनु,

ग) जिल्ला स्थित मानवीय सहायतामा संलग्न निकायहरुको पहिचान गर्नु,

घ) शीतलहरको समयमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरुको क्षमता अभिबृद्धि गर्दै अन्य सबै निकायहरुको परिचालन सुनिश्चित गर्नु

## १.३. शीतलहरको समयमा मानवीय सहायतामा संलग्न साझेदार निकायको सेवा र शर्तहरु

| क.सं. | निकाय, कार्यालयको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>▪ आवश्यकता अनुसार केन्द्रीय तथा प्रदेश स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक) का लागि पहल गर्ने |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने |
| ३ | स्थानीय तह तथा स्थानीय बिपद | नगर/गाँउपालिका प्रमुख | ▪ शीतलहर आकस्मिक कार्य योजना तर्जमा गरी कार्यन्वय गर्ने |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

| क.सं. | निकाय, कार्यालयको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | व्यवस्थापन समिति | | ▪ शीतलहर जोखिम व्यवस्थापनको लागि बजेट बिनियोजन गर्ने<br>▪ शीतलहरको सुचना प्रणाली र पूर्व चेतावनी प्रणालीको बिकाश गर्ने<br>▪ शीतलहर बाट प्रभावित हुनसक्ने विपन्न समुदायहरुको पहिचान गर्ने<br>▪ शीतलहर प्रभावित परिवारकालागि खाद्यान्न,इन्धन, दाउरा एवं न्यानो कपडाको व्यवस्था गर्ने<br>▪ सचेतना कार्यक्रम संचालन गर्ने |
| ४ | सुरक्षा निकाय | प्रमुख तथा प्रतिनिधि | ▪ सुरक्षा व्यवस्था गर्ने<br>▪ विषयगत समितिमा सहयोग गर्ने |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | ▪ समन्वय<br>▪ स्रोत संकलनमा सहयोग<br>▪ सचेतना अभिबृद्धिकोलागि जनपरिचालन गर्ने |
| ६. | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ खाद्य तथा गैर खाद्य सामाग्रीको व्यवस्थापन<br>▪ सूचना सङ्कलन तथा संवर्क्षणमा स्वयंसेवक परिचालन गर्ने |
| ७ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ▪ बिषयगत समितिमा क्षेत्रगत अगुवाको भूमिका निर्वाह गर्ने<br>▪ सम्बन्धित कार्यालयको आपतकालिन कार्य योजना निर्माण गर्ने |
| ८ | उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ न्यानो कपडा र खाद्यसामग्री संकलन तथा व्यवस्थापनमा सघाउने |
| ९ | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरुको व्यवस्थापन गर्ने |
| १० | संचार माध्यम | सञ्चारकर्मीहरु | ▪ सूचना संकलन तथा सम्प्रेषण, सचेतना जागृत गर्ने |
| ११ | नागरिक समाज | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यमा सहयोग<br>▪ सचेतना जागृत गर्ने |
| १२ | पेशागत व्यवसायी जस्तै निर्माण व्यवसायी संघ | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग गर्ने |
| १३ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ न्यानो कपडा, दाउरा,इन्धन,खाद्यान्न लगायतका राहत सामाग्रीको उपलब्धता<br>▪ स्रोत संकलनमा सहयोग गर्ने<br>▪ गै.स.स. बिच समन्वय गर्ने |

## १.४ बिषयगत समिति अगुवा तथा सहयोगी संस्थाहरु:

जिल्ला तहमा विषयगत रूपमा नेतृत्व प्रदान गर्ने अगुवा संस्था (Cluster Lead)को अगुवाईमा मानवीय सहयोगका गतिविधि सञ्चालन गर्न निम्न लिखित विषयगत (Sectoral) क्षेत्र गठन गरिएका छन् र ती बिषयगत समितिसँग सम्बन्धित सहयोगी निकायहरूको विवरण निम्न अनुसार राखिएको छ :



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

| क.सं. | बिषयगत समिति | क्षेत्रगत कार्यसमूहको नेतृत्व | सहयोगी सङ्घसंस्था |
|---|---|---|---|
| १ | समन्वय र सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति, सुरक्षा निकाय, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस सोसाइटी, नागरिक समाज, पत्रकार महासङ्घ, रेडियो तथा एफ.एम., |
| २ | खोज, उद्धार तथा राहत व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय,स्थानीय तहहरु, राजनैतिक दलहरु, नेपाल रेडक्रस सोसाईटी, |
| ३ | खाद्य व्यवस्थापन | कृषि ज्ञान केन्द्र | जिल्ला समन्वय समिति, जिल्ला पशु सेवा विज्ञ केन्द्र, उद्योग वाणिज्य सङ्घ, नेपाल रेडक्रस सोसाइटी, सुआहारा, बहुक्षेत्रीय पोषण योजना |
| ४ | गैर खाद्य सामाग्री र शिविर व्यवस्थापन | नेपाल रेडक्रस सोसाइटी | जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाहरु, जलस्रोत तथा सिंचाइ विकास डिभिजन , जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक वन समितिहरु |
| ५ | खानेपानी तथा सरसफाई व्यवस्थापन | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सम्पर्क कार्यालय | जिल्ला समन्वय समिति, नगरपालिका, गाउँ पालिकाहरु, युनिसेफ,रेडकश सोसाइटी, सुआहारा, बहुक्षेत्रीय पोषण, सहमति |
| ६ | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण व्यवस्थापन | स्वास्थ्य कार्यालय | नेपाल रेडक्रस सोसाइटी, युनिसेफ, अस्पताल, स्वास्थ्य तथा उपस्वास्थ्य चौकी, सुआहारा, बहुक्षेत्रीय पोषण योजना, सम्बद्ध गैसस, स्थानीय तह |
| ७ | आपत्कालिन शिक्षा | शिक्षा बिकाश तथा समन्वय इकाइ | स्थानीय तहहरु, युनिसेफ, बेश नेपाल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला स्थित मिडिया, सहमति,, नेपाल पत्रकार महासंघ, अन्य सम्वद्ध संघसंस्था |
| ८ | संरक्षण | स्थानीय तह | नगर तथा गाँउ पालिका, बालमन्दिर तथा अन्य संस्था |

## १.५ शीतलहर आपतकालिन कार्य योजनाको सीमा

**शीतलहर आपतकालिन कार्य योजना २०७९** जिल्ला विपद ब्यवस्थापन समितिको निर्णयानुसार तर्जुमा गरिएको छ । यस योजनाका प्रयोग जिल्ला बिपद ब्यवस्थापन समिति र स्थानीय बिपद ब्यवस्थापन समितिले नियमित योजना तर्जुमा प्रकियाको अभिन्न अंगको रुपमा कार्यन्वयन गरिनेछ । यो योजना शीतलहरको जोखिमको व्यवस्थापनमा मात्र सीमित हुनेछ । शीतलहर प्रभावित समुदायलाई मानवीय सेवा र सुबिधा उपलब्ध गराउन निश्चित अवस्थालाई मनन गरि यसको प्रयोग गरिनेछ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

# भाग-दुई

## शीतलहर जोखिम बिश्लेषण

नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम) जिल्लामा रहेका सबै गाउँ पालिका तथा नगरपालिकाहरुमा जाडो याममा शीतलहरको प्रभाव मानव, पशुपंक्षि तथा कृषिमा पर्ने गरेको छ । जिल्लामा मार्ग महिनाको पहिलो हप्ता देखि माघ महिनाको दोस्रो हप्तामा शीतलहरको प्रभाव देखिन्छ । विगतका शीतलहरको समयमा पनि जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुबाट जोखिमयुक्त समुदायमा आगोबाल्नकोलागि दाउरा र न्यानो कपडाको प्रबन्ध भएको थियो । यस्तै स्वास्थ्य कार्यालय र स्वास्थ्यकर्मीबाट मौसमि प्रतिकुलताको बाबजुद आहोरात्र सेवा प्रदान गरिदैआएको छ ।

### २.१ शीतलहरले समुदायमा पुर्याउन सक्ने जोखिमः

- समुदायमा श्वासप्रश्वास,पखला र अन्य स्वास्थ्य सम्बन्धि समस्या
- घरपालुवा जनावर, बालीनाली तथा अन्य सम्पत्तिमा गरी करोडौं रुपैयाँबरावरको क्षति हुनसक्ने
- भिजिविलिटि कम हुदा सवारी दुर्घटना हुन सक्ने
- स्वास्थ्य केन्द्रहरूमा चिसो तथा शितलहरबाट प्रभावित बिरामीको संख्यामा बृद्धि, स्वास्थ्य संस्थामा औषधी तथा कर्मचारी अपर्याप्त हुनसक्ने
- विद्यालयहरूमा पठन-पाठन कार्य करिव १५ दिनसम्म अवरुद्ध हुन सक्ने ।
- चिसो समयमा बालबालिका, महिला, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका मानिसहरुमा बढि जोखिम हुनसक्ने ।

### २.२ स्थानीय तहहरुमा शीतलहरबाट प्रभावित हुन सक्ने विपन्न घरधुरी संख्या

| क. सं. | स्थानीय तह | शीतलहर बाट प्रभावित हुन सक्ने विपन्न घरधुरी संख्या | सम्भावित प्रभाव स्तरिकरण |
|---|---|---|---|
| १ | बर्दघाट नगरपालिका | ७५०० (१०%) | |
| २ | सुनवल नगरपालिका | स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस अनुसार | |
| ३ | रामग्राम नगरपालिका | स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस अनुसार | |
| ४ | सरावल गाउँपालिका | स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस अनुसार | |
| ५ | पाल्ही नन्दन गाउँपालिका | स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस अनुसार | |
| ६ | प्रतापपुर गाउँपालिका | स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस अनुसार | |
| ७ | सुस्ता गाउँपालिका | स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस अनुसार | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

## २.३ शीतलहरको जोखिम विश्लेषणः–

| क. सं | स्थान | समस्या तथा विपद | कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|---|
| १. | नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम) | शीतलहर | बाक्लो धुँवा र मसिना धुलोकाकण,लामो समय सम्म हुस्सु लाग्नु, हिउदे वर्षा, हावाको बहाब | जलबायु परिवर्तन, बायुमण्डलीय चाप | श्वास प्रश्वास रोग, पखाला, पशुमा रोग लाग्नु तथा कृषि बालीको उत्पादनमा कमी, आगलागी | न्यानो लुगा लगाउने /ओढ्ने, आगो ताप्नु,तातो झोलिलो पदार्थ खाने बालबालिका र बृद्धहरुलाई बिशेष ध्यान दिने |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

# भाग-तीन

# जिल्ला स्थित स्रोत,साधनको आँकलन

शीतलहरको जोखिम न्यूनीकरणकोलागि जिल्ला भित्र उपलब्ध स्रोत तथा साधनहरुको आँकलन गरि प्राप्त विवरणहरुलाई तालिकावद्ध गरिएको छ ।

## ३.१. जिल्ला तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण

| क. सं. | कार्यालय, निकायहरु | उद्धार, तथा राहत सामग्रीहरु |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन कोषमा रु.२३,६२,३११।१३ मौज्दात रहेको र आवश्यकतानुसार केन्द्रबाट रकम निकाशा हुने |
| २ | नेपाली सेना | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा |
| ३ | जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम) मातहतका प्रहरी इकाई सहित | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा |
| ४ | सशस्त्र प्रहरी बल, नेपाल, नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम) | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा |
| ५ | पशु सेवा केन्द्र | पशु उपचारका लागि औषधी व्यवस्था भएका, गाडी-१, मोटरसाईकल-१, तुरुन्त उपलब्ध हुनसक्ने जनशक्ति– ६ |
| ६ | स्वास्थ्य कार्यालय | तालिम प्राप्त स्वास्थ्यकर्मी(RRT) 22 जना परिचालन गर्न सकिने, गाडी-१, मोटरसाईकल-९, मानवस्वास्थ्यका लागि औषधीहरुको व्यवस्था भएको । |
| ७ | शिक्षा विकास तथा समन्वय इकाइ | मानवस्रोत,आपत्कालीन आश्रयका लागि विद्यालय भवन उपलब्ध हुन सक्ने । |
| ८ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | मोटरसाईकल-२, मानवस्रोत-२ जना,पानी शुद्धिकरणका लागि स्वास्थ्य शिक्षा र औषधी आवश्यकता अनुसार उपलब्ध गर्ने । |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

| क. सं. | कार्यालय, निकायहरु | उद्धार, तथा राहत सामग्रीहरु |
| --- | --- | --- |
| ९ | कृषि ज्ञान केन्द्र | गाडी-१ वटा, मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । |
| १० | नेपाल रेडकस सोसाईटी, जिल्ला शाखा | मानवस्रोत-२६ जना, टारपोलिन, नेट, हाँजाईं किट, कपडाहरु सेट, भाडाँहरु, बाल्टिन, मग । |
| ११ | उद्योग वाणिज्य संघ | आवश्यकता अनुसार खाद्यान्न र लत्ता कपडा सहयोग उपलब्ध गर्ने । |
| १२. | डिभिजन वन कार्यालय, न.प. (बसुप) | • बर्दघ्याट सरावल सव डिभिजन वन कार्यालय, अन्तर्गत बाढीपीडित स्थान ५ चट्टा सम्पर्क व्यक्ति स.व.अ.गिरिराज पन्थ मो.९८५७०१०११६<br>• रामग्राम, पाल्हीनन्दन सब डिभिजन वन कार्यालय अन्तर्गत दशकठ्ठा स्थानबाट ३.५ चट्टा सम्पर्क व्यक्ति मेघराज काफ्ले मो.९८४७०८३४११ |

**३.२.स्थानीय तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण :**

| क.स. | गाँउपालिका | साधन, स्रोतहरु | न्यानोकपडा |
| --- | --- | --- | --- |
| १. | रामग्राम नगरपालिका | बिपद कोषमा रु.१ करोड २५ लाख मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । | **स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने** |
| २ | सुनवल नगरपालिका | बिपद कोषमा रु.१ करोड र मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । | **स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने** |
| ३ | बर्दघाट नगरपालिका | बिपद व्यवस्थापन कोषमा रु.५० लाख र मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । | **स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने** |
| ४ | पाल्हीनन्दन गाउँपालिका | विपद कोषमा रु.२९,२६,०९३।७६ मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । | **स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने** |
| ५ | सरावल गाउँपालिका | बिपद कोषमा रु.५० लाख र मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । | **स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने** |
| ६ | प्रतापपुर, गाउँपालिका | बिपद कोषमा रु.७८ लाख र मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । | **स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने** |
| ७ | सुस्ता गाउँपालिका | विपद कोषमा रु.५० लाख र मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । | **स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयानुसार व्यवस्था गर्ने** |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

# भाग-चार

## शीतलहर पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धि योजना

### ४.१ शीतलहर पूर्व तयारी तथा प्रतिकार्य विवरणहरू

| क.सं | कियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कै. |
|---|---|---|---|---|---|
| १ | शीतलहर पूर्व तयारी सम्बन्धि बैठक राख्ने | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन र स्थानीय विपद् व्यवस्थापन समितिका सदस्य निकाय | तुरुन्तै | |
| २ | जाडोकोलागि दाउरा र काठ समयमै उपलब्ध गराउने | वन कार्यालय | सामुदायिक वन | तुरुन्तै | |
| ३ | सुरक्षा निकायले आवश्यकपूर्व तयारी गर्नें | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल | जिल्ला विपद व्यवस्थापन समिति | तुरुन्तै | |
| ४ | स्वास्थ्य सम्बन्धि समस्यालाई रोकथाम गर्ने, जनचेतनामूलक कार्यकम, स्वास्थ्यकर्मी,औषधीहरु, द्रुत प्रतिकार्य समूह परिचालन गर्ने | स्वास्थ्य कार्यालय | स्थानीय तह | तुरुन्तै | |
| ५ | आगलागी तथा निसास्नि समस्याबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा समेत तयार पारी संचार माध्यम मार्फत प्रचार/प्रसार गर्ने | स्थानीय तह | स्थानीय रेडियो, पत्रिका र संचारकर्मी | तुरुन्तै | |
| ६ | स्थानीय स्वयम सेवक तयारी र परिचालन गर्ने | नगर पालिका तथा गाउँ पालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिती,नागरिक समाज र गैसस. | तुरुन्तै | |
| ७ | न्यूनतम Logistic व्यवस्थापन गर्ने | नगर पालिका तथा गाउँ पालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिती र नेपाल रेडकश सोसाईटि | तुरुन्तै | |
| ८ | खाद्यन्न र तरकारी विउ Stock राख्ने | कृषि ज्ञान केन्द्र र कृषि शाखाहरु | स्थानीय विपद व्यवस्थापन समिती | तुरुन्तै | |
| ९ | माछा र पशुपंक्षिको उपचार | भेटेनरी अस्पताल र पशु सेवा विज्ञ केन्द्र | स्थानीय तह | तुरुन्तै | |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

| क.सं | कियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कै. |
|---|---|---|---|---|---|
| १० | बिभिन्न रोग बिरुद्ध भ्याक्सिन लगाउने | भेटेनरी अस्पताल र पशु सेवा बिज्ञ केन्द्र | स्थानीय तह | तुरुन्तै | |
| ११ | सुरक्षित तथा न्यूनतम मानवीयस्तरका अस्थायी आवास र न्यानो कम्वलको व्यवस्था गर्ने | नेपाल रेडक्रश सोसाइटिका उपशाखाहरु | स्थानीय तह | तुरुन्तै | |

## ४.२ समन्वय तथा जिम्मेवारीहरु

क. जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बमोजिम क्षेत्रगत समूहका सवै निकायले कार्ययोजना तयार पार्ने

ख. शीतलहर प्रभावितलाई राहत उपलब्ध गराउदा जेष्ठ नागरिक, अपाङ्ग, सुत्केरी र गर्भवति महिलालाई प्राथमिकता दिने

ग. शीतलहरको जोखिममा रहेका समुदायलाई जोखिम न्यूनीकरणकोलागि स्थानीयतह, सरकारी तथा गैर सरकारी संस्थासंग समन्वय गरी दाउरा, कम्बल र न्यानो कपडाको प्रवन्ध गर्ने

घ. संघीय सरकार, प्रदेस सरकार र स्थानीय तह संग समन्वयकारी भूमिका निर्वाह गर्ने

ङ जल तथा मौसम बिज्ञान बिभागबाट जारी हुने प्रत्येक ३ दिने मनसुन बुलेटिनलाई स्थानीय समुदाय सम्म पुर्याउने

## ४.३ पूर्व तयारी प्राथमिकता

क. विपद् संग सम्बन्धित सरोकारवाला निकायसंग नियमिति समन्वय बैठक गर्ने
ख. सबै स्थानीय तहहरुले सचेतनामूलक कार्यक्रमहरु गर्ने
ग. स्थानीय तहहरुले शीतलहर सम्बन्धि प्रतिकार्य योजना तर्जुमा गरि कार्यन्यवन गर्ने
घ. शीतलहरबाट जोखिमको अवस्थामा रहेको जनसंख्याको पहिचान गरि न्यानोकपडा, कम्वल, दाउरा र औषधिको व्यवस्था गर्ने
ङ स्थानीय रेडियोबाट स्थानीय भाषामा समेत शीतलहर सम्बन्धि सचेतनामूलक सूचना प्रसारण गर्ने
च. जल तथा मौसम बिज्ञान बिभागले जारी गर्ने प्रत्येक तीन दिने मौसम सम्बन्धि सूचना स्थानीय समुदाय सम्म पुर्याउने
छ. स्थानीय तहहरु र सरोकारवालाहरुसंग समन्वय गरि दाउरा बाल्ने स्थान निर्धारण गर्ने र दाउरा र न्यानो कपडाको प्रबन्ध गर्ने,
ज. स्थानीय संचार माध्यामद्धारा चिसो तथा शीतलहर सम्बन्धि प्रकाशन तथा प्रसारण गर्ने,
झ. चिसो तथा शीतलहरको समयमा हुनसक्ने आगलागी र निसास्सिन सक्ने समस्याबारेमा सचेतना जागृत गराउने

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

### ४.४. शीतलहरबाट जोखिम न्यूनीकरण सूचनामूलक सन्देशहरुः

क. चिसो तथा शीतलहरको समयमा न्यानोकपडाको जोहो गरौं,

ख. चिसो तथा शीतलहरको समयमा खुल्ला स्थानमा धेरै समय नबसौं

ग. चिसो तथा शीतलहरको समयमा झ्याल ढोका बन्द गरेर आगो ताप्ने र निदाउने काम नगरौं

घ. चिसो तथा शीतलहरको समयमा लामो समय सम्म खुल्ला स्थानमा धेरै समय सम्म आगो नतापौं,

ङ चिसो तथा शीतलहरको समयमा तातो झोल पदार्थ र तातो खानेकुरा खाउ

च. चिसो तथा शीतलहरको समयमा जेष्ठ नागरिक, बालबालिका, सुत्केरी र गर्भवति महिलाको विशेष हेरबिचार गरौं

झ. चिसो तथा शीतलहरको समयमा पशुपंक्षीको विशेष हेरबिचार गरौं

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)